**बैठक मिति :**२०७०/४/१३

**छलफल तथा निर्णय**

१. कृषि तथा ग्रामीण विकास महाशाखावाट प्रस्तुत भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत सञ्चालन हुने Establishment of Large Scale Geographic Information Database for Supporting Land Management and Development Planning in Kathmandu Valley नामक आयोजनाको विषयमा पूर्व निर्णय अनुसार उक्त मन्त्रालयले प्रस्तुतीकरण समेत गरिसकेको हुँदा सहमति उपलव्ध गराउने र सोको जानकारी गृह र परराष्ट्र मन्त्रालयलाई समेत गराउने निर्णय गरियो ।

२. आयोगले तर्जुमा गर्नुपर्ने वार्षिक विकास कार्यक्रम जिल्लास्तर (भाग-२) को लागि मन्त्रालयहरूवाट आउनुपर्ने विवरणहरू के कति प्राप्त भयो सो सम्वन्धमा जानकारी लिने काम भयो । हालसम्म कतिपय मन्त्रालयहरूवाट विवरणहरू प्राप्त नभएको सम्वन्धमा आयोजना छनौटका आधारमा तयार गरी आजै माग गर्ने र जिल्लास्तरमा सञ्चालित कार्यक्रमहरूको समेत Pie Chart उक्त पुस्तिकामा संलग्न गर्ने निर्णय गरियो ।